# मंगला गाउँपालिका

# स्थानीय राजपत्र

**खण्ड : ७ बाबियाचौर, म्याग्दी, संख्या : १२ मिति : २०८१ साल पुष ०७**


भाग–२

मंगला गाउँपालिका

# कृषि अनुदान कार्यक्रम वितरण निर्देशिका, २०८०
## (प्रथम संशोधन, २०८१)

कृषि अनुदान कार्यक्रम वितरण निर्देशिका, २०८० लाई संशोधन गर्न वाञ्छनिय भएकोले मंगला गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम मंगला गाउँपालिकाले देहायको कार्यविधि बनाइ जारी गरिएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** यो निर्देशिकाको नाम "कृषि अनुदान कार्यक्रम वितरण निर्देशिका, २०८० (प्रथम संशोधन २०८१)" रहेको छ ।

२. कृषि अनुदान कार्यक्रम वितरण निर्देशिका, २०८० देहायको संशोधन गर्ने ।

   क. परिच्छेद-३ को दफा ३ को खण्ड (ग) मा रहेको निरिक्षण समितिको बुँदा नं. (च) र (ज) हटाई ६ जना सदस्यको समिति बनाउने ।

ख. परिच्छेद-३ को दफा ३ उपदफा ३ को खण्ड (ग) को बुँदा नं. २ मा "(ग) बजेट सिमाभित्र पर्ने आवेदकको हकमा अनुगमन र प्राविधिक प्रतिवेदन आवश्यक हुने छैन।" भन्ने प्रावधान थप गर्ने ।

ग. परिच्छेद-४ को बुँदा नम. (क) (१) अन्तर्गत अन्तिम बुँदा "गत वर्ष माग संबोधन हुन नसकेको अवस्थाका कृषक/समूह" लाई परिमार्जन गरी "गत ४-५ वर्ष माग संबोधन हुन नसकेको अवस्थाका कृषक/समूह" बनाउने ।

**आज्ञाले**
**गोपाल शर्मा**
**प्रमुख प्रशासकीय अधिकृत**